नेपाल सरकार
दोधारा चाँदनी नगरपालिकाको कार्यालय
कञ्चनपुर

# दोधारा चांदनी नगरपालिका कार्यालय

## कंचनपुर

**शिलबन्दी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७३।०९।१९**

२०७३।०९।१९
कार्यकारी अधिकृत

यस कार्यालयको चालु आ.ब.०७३।०७४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका सडकहरु कालो पत्र, पुलकी स्लेब निमार्ण कार्यको लागि नेपाल सरकारबाट ईजाजत प्राप्त निर्माण व्यवसायीले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वको बोलपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र नवीकरण भएको आयकर/मू.अ.क. प्रमाण पत्र, संस्था दर्ता प्रमाणपत्र र इजाजत पत्रको प्रमाणित प्रतिलिपि, आर्थिक बर्ष ०७२/०७३ सम्म कर चुक्ता गरेको प्रमाण पत्रका साथ निवेदन दिएमा यस कार्यालयबाट र जि.वि.स कंचनपुर बाट तपसिल वमोजिमको दस्तुर तिरी बोलपत्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे सम्म तपसिलमा उल्लेख भएको जमानत रकम ( प्रत्येक ठेक्काको लागि छुट्टा छुटै) यस कार्यालयको महेन्द्रनगर स्थित रा.बा.बैंक हि.नं. ४१८०३०३००३००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सोहि रकम बराबरको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन सम्म म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी भएको जमानी पत्र (बिड बन्ड) संलग्न राखी पेश गर्नुपर्नेछ । बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ ।

३. रितपूर्वक पर्न आएका बोलपत्रहरु ३१औं दिनको २ बजे नियमानुसार कार्यालय र बोलपत्रदाता वा प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र खरीद गर्ने र पेश गर्ने तोकिएको अन्तिम दिनहरुमा सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन उक्त कार्य गरिनेछ ।

५. बोलपत्रमा बोलपत्रदाता ले कबोल गरेको दर अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिईनेछ ।

६. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाम बाट दाखिला गर्न पाईने छैन ।

७. बोल पत्र शिलबन्दी गरेको खाम बाहिर दोधारा चाँदनी नगरपालिका कार्यालय दोधारा चाँदनी कञ्चनपुरलाई सम्बोधन गरी ठेक्का नं., योजना र कामको बिवरण उल्लेख गरी बोलपत्र पेश गर्ने फर्मको नाम र ठेगाना स्पष्ट रुपमा उल्लेख गरिएको हुनु पर्नेछ ।

८. बोलपत्रदाताले खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नभएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बधी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा को कागजात बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित हुनेछ ।

१०. भएको कामको भुक्तानी यस कार्यालयबाट बजेट निकाशाको आधारमा गरिनेछ।

११. बोलपत्र सम्बन्धी थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।
सम्पर्क फोन नं. ०९९– ४०००३०.

१२. यसमा उल्लेख भए बाहेक अन्य कुरा हरु को हकमा प्रचलित ऐन नियमानुसार अनुसार हुनेछ ।

१३. बोलपत्र सम्बन्धी कागजातमा एवं यो सुचनामा केहि संसोधन गर्नु परेमा सुचना प्रकाशन गरी जानकारी गराइने छ ।

१४. कामको बिवरण निम्नानुसार छ ।

| सि.न | ठे.नं. | योजना र कामको बिवरण | ल.ई. रकम (कन्टेन्जेन्सी र भ्याट बाहेक) | जमानत रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | १२/०७३/०७४ | मिलन चोक देखि जोगबूडा जाने सडक कालोपत्रे, वडा नं ७ | ७९,९२,६३७।१७ | २०००००। | ३०००। |
| २ | १३/०७३/०७४ | चादनी बजार देखि वडा कार्यालय तर्फ सडक कालोपत्रे, वडा नं ४ | ६५,४६,०१७।७० | १६४०००। | ३०००। |
| ३ | १४/०७३/०७४ | इप्रका देखि पश्चिम सडक कालोपत्रे, वडा नं ५ र ६ | ६५,४६,०१७।७० | १६४०००। | ३०००। |
| ४ | १५/०७३/०७४ | वडा नं ४ र ५ को चोक देखि पूर्व पश्चिम सडक कालोपत्रे | ५६,८५,०६१।९५ | १४३०००। | ३०००। |
| ५ | १६/०७३/०७४ | पत्थरनाला र मलेरिया नालाका २ वटा पूलमा कल्भट निर्माण, वडा नं ३,४ र ६ | ४४,२४,७७८।७६ | १११०००। | ३०००। |